KUMAMOTO TECHNICAL COLLEGE

# भर्ना निर्देशिका

## जापानी भाषा सिकी, भविष्यको बाटो खोल्ने शक्ति !

## जापानी भाषा विभाग

## सिर्जनशीलता ・ नैतिकता ・ व्यवहारिकता

शैक्षिक संस्था खाइशिन गाकुएन

पूर्ण समय ・ सहशिक्षा (महिला, पुरुष)

# कुमामोतो टेक्निकल कलेज


**Address**

Postal Code: 861-8038

5-1-1 Naganminehigashi, Higashi-Ku,

Kumamoto-Shi, Kumamoto-Ken

**TEL** 096-380-8645

**FAX** 096-380-8646

**E-mail** info@kumakosen.ac.jp

**Website** http://www.kumakosen.jp

# विद्यालय अवलोकन

## विद्यालय परिचय

यस विद्यालय सन् 1983 मा स्थापना गरिएको प्राविधिक क्षेत्रको व्यावसायिक विद्यालय हो। कुमामोतो प्रिफेक्चर भित्र पनि प्रमुख तथा ठूलो स्तरका व्यावसायिक विद्यालयहरूमध्ये एक हो। साथै, यस विद्यालय काइशिन गाकुएन शैक्षिक संस्थान अन्तर्गत सञ्चालन भई, उक्त संस्थाको मातृ संस्था काइशिन उच्च माध्यमिक विद्यालयले एक शताब्दीभन्दा बढी इतिहास बोकेको छ।

सन् 1991 मा अन्तर्राष्ट्रिय सूचना भवन निर्माण गरी, "विश्वविद्यालय तथा व्यावसायिक विद्यालयमा उच्च अध्ययनका लागि तयारी" तथा "जापानी भाषा दक्षता भएका प्राविधिक जनशक्ति उत्पादन" गर्ने उद्देश्यका साथ सन् 2000 मा जापानी भाषा विभाग स्थापना गरिएको हो। यस विद्यालयमा जापानी भाषा विभागका अतिरिक्त अटोमोबाइल मर्मत इन्जिनियरिङ विभाग तथा सेमिकन्डक्टर इन्जिनियरिङ विभाग सञ्चालनमा रहेका छन्।

जापानी भाषा विभागमा 2 वर्ष अध्ययन पूरा गरेपछि, धेरै अन्तर्राष्ट्रिय विद्यार्थीहरू यस विद्यालयका प्राविधिक विभागहरूमा अध्ययन जारी राखी थप 2 वर्ष विशेषज्ञ प्राविधिक ज्ञान तथा सीप हासिल गर्छन्। त्यसपछि, उनीहरूले जापानी कम्पनीहरूबाट रोजगार प्रस्ताव प्राप्त गरेर कार्य भिसा हासिल गरी, जापानका विभिन्न क्षेत्रमा सक्रिय रूपमा कार्यरत छन्।

यस विद्यालयको जापानी भाषा विभागले जापानी संस्कृति तथा समाजप्रति गहिरो बुझाई राख्ने, सहज रूपमा संवाद गर्न सक्ने तथा व्यापक दृष्टिकोणका साथ सोच्न सक्ने सक्षम मानव संसाधनको विकासमा विशेष जोड दिएको छ। हालसम्म धेरै विद्यार्थीहरूले जापानका विभिन्न क्षेत्रस्थित विश्वविद्यालय तथा व्यावसायिक विद्यालयहरूमा उच्च अध्ययनका लागि प्रवेश गरी, आफ्ना सपना साकार पार्ने यात्राको पहिलो कदम अगाडि बढाइसकेका छन्।

## पाठ्यक्रम परिचय

### ◆ विद्यार्थी भर्ना सम्बन्धी नीति

① यस विद्यालयबाट अध्ययन पूरा गरेपछि उच्च अध्ययन गर्न इच्छुक व्यक्ति
② आत्मअनुशासित शिक्षार्थीका रूपमा विभिन्न गतिविधिहरूमा उत्साहपूर्वक सहभागी हुने व्यक्ति
③ जापानी समाज तथा संस्कृतिलाई बुझ्न प्रयास गर्ने, विविध विचारलाई स्वीकार गर्ने तथा सहकार्य गर्न सक्ने व्यक्ति

### ◆ पाठ्यक्रम

| कोर्सको नाम | लक्ष्य प्राप्ति स्तर | कुल कक्षा घण्टा | | |
|---|---|---|---|---|
| | | साप्ताहिक कक्षा घण्टा | जम्मा | |
| प्रवेशिका 2 वर्षे कोर्स | B2 | हप्तामा 5 दिन / 20 घण्टा | 1600 घण्टा | 1 कक्षा अवधि 45 मिनेटको मान्यता अनुसार कक्षा सञ्चालन गरिन्छ। |
| प्रवेशिका 1 वर्ष 6 महिने कोर्स | B2 | हप्तामा 5 दिन / 20 घण्टा | 1200 घण्टा | |

### ◆ कक्षा समय

| पिरियड | बिहानी सत्र (कक्षा समय) | दिवा सत्र (कक्षा समय) |
|---|---|---|
| छोटो होमरूम | 8:40 ～ 8:50 | 12:50 ～ 13:00 |
| पहिलो पिरियड | 8:50 ～ 9:35 | 13:00 ～ 13:45 |
| दोस्रो पिरियड | 9:35 ～ 10:20 | 13:45 ～ 14:30 |
| तेस्रो पिरियड | 10:30 ～ 11:15 | 14:40 ～ 15:25 |
| चौथो पिरियड | 11:15 ～ 12:00 | 15:25 ～ 16:10 |

### ◆ मुख्य पाठ्यपुस्तकहरू

"मारूगोतो जापानको शब्द र संस्कृति" शृङ्खला
"टास्क वेस बाट सिक्ने मध्यम तहको जापानी भाषा" शृङ्खला
"KANJI LOOK AND LEARN" मुख्य पाठ्यपुस्तक तथा अभ्यासपुस्तिका
"सिन खान्जेन मास्टार जापानी भाषा क्षमता परीक्षा, खान्जी, शब्दावली, व्याकरण" शृङ्खला
"थाहा छ? जापानको कुरा, सिकौं, कुरा गरौं, जापानी परिस्थिति"

### ◆ सञ्चालन विषयहरू

"समग्र जापानी भाषा", "खान्जी तथा शब्दावली", "पाठ्य व्याकरण", "जापानी परिस्थिति", "परियोजना कार्य", "अभ्यास"

# अन्तर्राष्ट्रिय विद्यार्थीहरूका लागि जापानी भाषा विभागको भर्ना, आवेदन प्रक्रिया, शैक्षिक शुल्क सम्बन्धी

## 1 विद्यार्थी क्षमता

- प्रवेशिका 2 वर्ष कोर्स : 160 जना
- प्रवेशिका 1 वर्ष 6 महिने कोर्स : 15 जना

**जम्मा : 175 जना**

## 2 आवेदन योग्यता

**आवेदनका सर्तहरू**

निम्नलिखित सबै सर्तहरू पूरा गरेको व्यक्ति

① 18 वर्ष उमेर पूरा गरेका व्यक्ति

② 12 वर्ष भन्दा बढीको विद्यालय शिक्षा पूरा गरेका व्यक्ति (सामान्य/व्यावसायिक उच्च माध्यमिक विद्यालयबाट स्नातक, वा सोभन्दा माथिको शैक्षिक योग्यता)

③ सरकारी निकायले जापानी भाषा शिक्षा प्रदान गर्ने क्षमता भएको भनेर मान्यता दिएको विद्यालय, वा निजी जापानी भाषा शिक्षा संस्थामा 150 घण्टाभन्दा बढी जापानी भाषा अध्ययन गरेको प्रमाण दिन सक्ने व्यक्ति। साथै, JLPT N5 स्तर भन्दा माथि, "जापानी भाषा शिक्षाको सन्दर्भ ढाँचा" अनुसार A1 स्तर भन्दा माथिको जापानी भाषा क्षमता प्रमाणित गर्ने विभिन्न परीक्षा परिणाम भएका व्यक्ति

④ यस विद्यालयमा अध्ययन गर्दा लाग्ने शुल्क तथा जीवनयापन खर्च बेहोर्न सक्ने व्यक्ति

## 3 आवेदन अवधि

- प्रवेशिका 2 वर्ष कोर्स (अप्रैल भर्ना) : अघिल्लो वर्षको अगस्ट महिनाको मध्यसम्म
- प्रवेशिका 1 वर्ष 6 महिने कोर्स (अक्टोबर भर्ना) : सोही वर्षको फेब्रुअरी महिनाको मध्यसम्म

आवेदन अवधिभित्र भएपनि, विद्यार्थी संख्या पूरा भएमा भर्ना बन्द गरिनेछ।

※ जापान अध्यागमन ब्यूरोमा आवेदन दिने समयसीमा अनुसार आवेदन अवधि चाँडो हुन सक्नेछ। विस्तृत जानकारीका लागि सम्पर्क गर्नुहोस्।

## 4 प्रवेश (भर्ना) परीक्षा शुल्क

２０，０００ येन ※ एक पटक बुझाइएको भर्ना परीक्षा शुल्क कुनै पनि अवस्थामा फिर्ता गरिने छैन।

## 5 आवेदन तरिका

आवेदकले स्वयं प्रत्यक्ष रूपमा, वा जापानमा बसोबास गर्ने व्यक्ति, अथवा यस विद्यालयसँगको सहकार्य संस्थामार्फत, कुमामोतो टेक्निकल कलेज जापानी भाषा विभागको भर्ना आवेदन फारम (विद्यालयद्वारा निर्दिष्ट फारम) प्राप्त गरी, आवेदक स्वयंले सही रूपमा जापानी भाषामा भर्नु पर्नेछ। यदि सहकार्य संस्थाबारे जानकारी चाहिन्छ भने सम्पर्क गर्नुहोस्। साथै, यस जापानी भाषा विभागको निर्दिष्ट फारम विद्यालयको वेबसाइटबाट पनि डाउनलोड गर्न सकिन्छ।
जापान बाहिरबाट आवेदन गर्ने हो भने, सबै आवेदन कागजातहरू पूरा तयारी गरी EMS प्रयोग गरेर हुलाकमार्फत पठाउनुहोस्। साथै, कागजात पठाउनु अघि अनिवार्य रूपमा पेश गर्नुपर्ने कागजातहरूको सामग्री जाँच गर्नुहोस्।

※ आवेदन कागजातहरू प्रत्यक्ष रूपमा ल्याएर बुझाउन पनि सकिन्छ। तर, प्रत्यक्ष रूपमा बुझाउने अवस्थामा पनि अग्रिम सम्पर्क गर्नुहोस्।

## 6 छनोट (चयन) विधि

① कागजात जाँच

② जापानी भाषा लिखित परीक्षा (जापानी भाषा क्षमता मूल्याङ्कनका लागि)

③ जापानी भाषा अन्तर्वार्ता (जापानी भाषा क्षमता मूल्याङ्कनका लागि)

## 7 आवेदन गर्ने स्थान तथा स्वीकार गर्ने समय

**आवेदन कागजात पठाउने ठेगाना (विद्यालयको स्थान)**

熊本工業専門学校　日本語科
〒 861-8038
熊本県熊本市東区長嶺東5-1-1
TEL : +81 96 380 8645
FAX : +81 96 380 8646
E-mail : info@kumakosen.ac.jp
सोमबार ～ शुक्रबार 8：00 ～ 17：00

※ तर, जापानका सार्वजनिक बिदा तथा यस विद्यालयले तोकेका बिदाका दिनहरू बाहेक।

## 8 कागजात जाँच तथा परीक्षा अनुमति परिणाम सूचना

पेश गरिएको आवेदन कागजातहरूको आधारमा कागजात जाँच गरिनेछ। जाँचको परिणामस्वरूप परीक्षा दिने योग्यता भएको ठहरिएमा, परीक्षा अनुमति इमेलमार्फत जानकारी गराइनेछ। आवेदन फारममा अनिवार्य रूपमा मान्य (सही) इमेल ठेगाना लेख्नुहोस्।

※ आवश्यकता अनुसार कागजात पुनः पेश गर्न वा थप कागजात पेश गर्न अनुरोध गर्न सकिन्छ।

## 9 आवेदन कागजातहरू

| No | आवेदन कागजातहरूको सूची | सारांश |
|---|---|---|
| 1 | आवेदकको पहिचान विवरण प्रमाणित गर्ने कागजात | · पासपोर्ट वा ID जस्ता पहिचान विवरण स्पष्ट हुने कागजातको प्रतिलिपि।। पासपोर्टको "अतिरिक्त टिप्पणी" मा कुनै विवरण उल्लेख गरिएको छ भने, सो "अतिरिक्त टिप्पणी" भएको पृष्ठ पनि पेश गर्नुहोस्। |
| 2 | पासपोर्ट साइज फोटो 4 प्रति (4 c m x 3 c m) | · 3 महिना भित्रको फोटो। टोपी नलगाएको, सादा पृष्ठभूमि र सीधा अगाडि हेरेको<br>※ सम्पादन वा डिजिटल रूपमा परिमार्जन गरिएको फोटो स्वीकार गरिने छैन। |
| 3 | प्रवेश आवेदनपत्र तथा बायोडाटा (CV) र अध्ययनको कारणपत्र<br>(यस विद्यालयको निर्धारित ढाँचा/फर्म) | · आवेदनकर्ताको हस्तलिखित हस्ताक्षर आवश्यक पर्छ।<br>· प्राथमिक विद्यालयमा भनदिखि स्नातक सम्मको सम्पूर्ण शैक्षिक विवरण उल्लेख गर्नुहोस्।<br>· शैक्षिक पृष्ठभूमि वा रोजगार पृष्ठभूमिमा 6 महिनाभन्दा बढीको खाली अवधि (Gap) भएमा, त्यसको कारण छुट्टै कागजातमा स्पष्ट रूपमा उल्लेख गर्नुहोस। साथै, चाँडै भर्ना वा ढिलो भर्ना, कक्षा दोहोर्याएको, वा अध्ययन अवधि र काम गर्ने अवधि एकसाथ परेको अवस्थामा पनि त्यसको कारण छुट्टै कागजातमा उल्लेख गर्नुहोस्।<br>· अध्ययनको कारणपत्रमा, जापान आगमनदेखि हालसम्मका गतिविधिहरूको अवस्था, यस विद्यालयमा भर्ना हुन पुगेको प्रकृति, अध्ययन पूरा भएपछि अपनाउने भविष्यको मार्गलाई विस्तृत रूपमा स्पष्ट वर्णन गर्नुपर्नेछ। |
| 4 | अन्तिम शैक्षिक योग्यतासम्बन्धी स्नातक प्रमाणपत्रको मूल प्रति | · आवेदन मिति सम्ममा स्नातक पूरा नभएको अवस्थामा, अध्ययन गरिएका विषयहरू स्पष्ट रूपमा उल्लेख भएको "स्नातक अपेक्षा प्रमाणपत्र" पेश गर्नुहोस्। |
| 5 | अन्तिम शैक्षिक योग्यतासम्बन्धी शैक्षिक प्रमाणपत्र (अंकपत्र/ट्रान्सक्रिप्ट) को मूल प्रति | · अन्तिम शैक्षिक योग्यताको सम्पूर्ण अध्ययन अवधिभरको नतिजा (अंक/ग्रेड) उल्लेख भएको (शैक्षिक ट्रान्सक्रिप्ट) प्रमाणपत्र पेश गर्नुहोस्। |
| 6 | जापानी भाषा क्षमता परीक्षा उत्तीर्ण प्रमाणपत्रको मूल प्रति<br>(JLPT N5 स्तर भन्दा माथि, "जापानी भाषा शिक्षाको सन्दर्भ ढाँचा" अनुसार A1 स्तर भन्दा माथिको जापानी भाषा क्षमता) | · JLPT N5 स्तर भन्दा माथिको जापानी भाषा क्षमतालाई प्रमाणित गर्ने कागजात<br>※ "जापानी भाषा शिक्षाको सन्दर्भ ढाँचा" अनुसार A1 स्तर भन्दा माथिको जापानी भाषा क्षमता प्रमाणित गर्न सकिने कागजात पेश गर्नुहोस्।<br>· साथै, 150 घण्टा भन्दा बढीको जापानी भाषा अध्ययन प्रमाणपत्र<br>(समापन हुने अनुमानित समय, प्रमाणपत्र जारी गर्दा सम्मको अध्ययन समय, उपस्थिति दर, कोर्सको नाम तथा अवधि, लक्ष्य स्तर, अध्ययन सामग्री (पाठ्यक्रम), प्रयोग गरिएका शिक्षण सामग्री आदि उल्लेख हुन आवश्यक छ।) |
| 7 | अध्ययन खर्च वहन विवरणपत्र<br>(यस विद्यालयको निर्धारित ढाँचा/फर्म) | · खर्च वहनकर्ताको हस्तलिखित हस्ताक्षर आवश्यक पर्छ। |
| 8 | खर्च वहन कर्ता र आवेदनकर्ताबीचको सम्बन्ध प्रमाणित गर्ने कागजात | · आवेदनकर्ताको जन्म दर्ता प्रमाणपत्र प्रतिलिपि, परिवार दर्ता प्रतिलिपि आदि जस्ता खर्च वहन कर्ता र आवेदनकर्ताबीचको सम्बन्ध प्रमाणित गर्ने आधिकारिक कागजातहरू पेश गर्नुहोस्। |
| 9 | खर्च वहन कर्ताको नाममा रहेको बैंक खाताको मौज्दात प्रमाणपत्र (ब्यालेन्स सर्टिफिकेट) को मूल प्रति | · जारी मिति चाही 3 महिना भित्रको, र जापान बसाइको अवधिमा अध्ययन शुल्क र जीवनयापन खर्च वहन गर्न सकिने करिब 2,000,000 येन भन्दा बढी मौज्दात रहेको प्रमाणपत्र पेश गर्नुहोस्। |
| 10 | खर्च वहनकर्ताको रोजगार प्रमाणपत्रको मूल प्रति, वा व्यवसाय अनुमति पत्रको सरकारी प्रमाणित नक्कल वा प्रतिलिपि | · रोजगार प्रमाणपत्र आदि (जारी गर्ने संस्थाको नाम, दर्ता नम्बर, सम्पर्क ठेगाना, टेलिफोन नम्बर, जिम्मेवार व्यक्तिको हस्ताक्षर तथा जारी मिति उल्लेख भएको हुनुपर्छ।) वा व्यवसाय अनुमति प्रमाणपत्र (सरकारी निकाय आदि द्वारा जारी गरिएको कागजात।) |
| 11 | 9 No. लाई गठन गर्न पुग्नेसम्मको प्रक्रियालाई स्पष्ट गर्ने विवरणपत्र तथा सम्बन्धित कागजातहरूको मूल प्रति | · कर भुक्तानी प्रमाणपत्र, आय प्रमाणपत्र, सम्पत्ति प्रमाणपत्र आदि (जारी गर्ने संस्थाको नाम, दर्ता नम्बर, सम्पर्क ठेगाना, टेलिफोन नम्बर, जिम्मेवार व्यक्तिको हस्ताक्षर तथा जारी मिति उल्लेख भएको हुनुपर्छ।) |
| 12 | क्षयरोग (ट्युबरकुलोसिस) नलागेको प्रमाणपत्र | · "क्षयरोग नलागेको प्रमाणपत्र" को वैधता अवधि, सामान्यतया परीक्षण गरिएको मितिदेखि 180 दिनको हुन्छ।<br>(शर्तअनुसार 90 दिनसम्म मात्र मान्य हुने अवस्था पनि हुन सक्छ।)<br>· परीक्षण चाही, प्रत्येक देशमा तोकिएका चिकित्सा संस्थाहरूमा गराउनुहोस्। विस्तृत जानकारीका लागि, जापान अध्यागमन ब्यूरोको आधिकारिक वेबसाइट हेर्नुहोस्। |
| 13 | प्रमाणीकरण अस्वीकृति निर्णय वा बसोबास अनुमति अस्वीकृति निर्णय भएको सम्बन्धमा | · बसोबास योग्यता प्रमाणपत्र जारी आवेदन अस्वीकृत भएको वा फिर्ता लिइएको, अथवा बसोबास अवधि नवीकरण अनुमति आवेदन वा बसोबास योग्यता परिवर्तन अनुमति आवेदन अस्वीकृत भएको अवस्थामा पुनः आवेदन गर्दा, उक्त निर्णयको कारण हटाउने विवरणपत्र तथा सम्बन्धित कागजातहरू पेश गर्नुहोस्। |
| 14 | पूरक (अतिरिक्त) स्पष्टीकरण कागजात पेश सम्बन्धमा | · जन्मस्थलबाट टाढा बसोबास गरिरहेको अवस्थामा, हालको बसोबास स्थान र अध्ययन संस्था (वा कार्यस्थल) बीचको दूरी अत्यधिक टाढा भई दैनिक आवतजावत कठिन हुने अवस्थामा, वा खर्च वहन कर्ताको ठेगाना र बैंक/वित्तीय संस्थाको स्थानबीच दूरी टाढा हुने अवस्थामा, त्यसको कारण स्पष्ट गर्ने कागजात पेश गर्नुहोस्। |

### ※ आवेदन कागजातसम्बन्धी सावधानीहरू

① जापानी भाषा प्रमाणिकरण परीक्षाद्वारा प्रमाणित गर्ने अवस्थामा लागू हुने परीक्षा (JLPT, JLCT, J-cert, BJT, J.TEST, NAT-TEST, JPT, Standard Business Japanese Test, TOPJ Practical Japanese Proficiency Test, Practical Japanese Communication Test, JPT Japanese Proficiency Test, JPT Elementary, Japanese Online Test, Japanese Language Ability Assessment Test)
**नोट:** यी सञ्चालन संस्थाहरूको आधिकारिक वेबसाइटमा हेरेको परीक्षा परिणामको स्क्रिनसट वा प्रिन्ट गरिएको प्रतिलिपि स्वीकार गरिने छैन।

② कागजात भर्ने क्रममा कुनै पनि प्रकारको संक्षेप नगरी पूर्ण रूपमा भरि, सम्बन्धित विवरण नभएको अवस्थामा त्यसलाई स्पष्ट हुने गरी भर्नुहोस्। कागजातहरूमा जारी/तयार मिति, अंग्रेजी क्यालेन्डर अनुसारको मितिमा उल्लेख गर्नुहोस्।

③ लेखनमा त्रुटि भई सच्याउनु गर्नुपरेमा, सुधार गर्ने तरल पदार्थ प्रयोग नगरी, सच्याउने भागमा दुई रेखा (डबल लाइन) तानेर मेट्नुहोस् र त्यसको माथिल्लो खाली भागमा सही विवरण लेखी, सुधार गरिएको स्थानमा हस्ताक्षर छाप वा हस्तलिखीत हस्ताक्षर गर्नुहोस्।

④ विदेशी भाषामा (अंग्रेजी पनि) तयार गरिएका कागजातहरूलाई जापानी भाषामा अनुवाद गर्नुपर्ने छ। सबै कागजातहरूको जापानी अनुवाद सहित पेश गर्नुहोस्।

⑤ सबै प्रमाणपत्रहरू जारी भएको मिति 3 महिना भित्रको हुनुपर्नेछ।

⑥ आवेदन कागजातमा गलत वा झूटा विवरण उल्लेख गरिएको पाइएमा, भर्ना भइसकेपछि पनि भर्ना रद्द गर्न सकिनेछ।

⑦ आवेदन कागजातमध्ये पुनः जारी गर्न नसकिने कागजातहरू मात्र फिर्ता गरिनेछ।

⑧ आवेदनकर्ताको राष्ट्रियता वा क्षेत्रअनुसार आवश्यक कागजात तथा सर्तहरू फरक हुन्छन, अग्रिम परामर्श गर्नुहोस्।

## 10 प्रवेश (भर्ना) छनोट परीक्षा तथा उत्तीर्ण (पास) सूचना

स्थानीय परीक्षा वा अनलाइन अन्तर्वार्ता परीक्षामा, लिखित परीक्षा तथा अन्तर्वार्ता सञ्चालन गरिनेछ। छनोट परीक्षाको नतिजा चाही परीक्षा सम्पन्न भएको 3 हप्ता भित्र आवेदक स्वयं वा परिचय/सहकार्य संस्थालाई सूचित गरिनेछ। टेलिफोन आदि माध्यमबाट परीक्षाको नतिजा (उत्तीर्ण/अनुत्तीर्ण) सम्बन्धी सोधपुछको उत्तर दिइने छैन।

※भर्ना छनोट परीक्षामा उत्तीर्ण भएपछि, यस विद्यालयले आवेदकको तर्फबाट अध्यागमन ब्यूरोमा बसोबास योग्यता प्रमाणपत्र (COE) जारी गर्ने आवेदन प्रक्रिया प्रतिनिधिका रूपमा गर्नेछ।

## 11 निवास योग्यता प्रमाणपत्र (COE) जारी सम्बन्धी नतिजा सूचना

① फुकुओका अध्यागमन कार्यालयको समीक्षामा पास भई "बसोबास योग्यता प्रमाणपत्र (COE)" जारी भएका आवेदकहरूलाई, यस विद्यालयबाट वा विद्यालयका साझेदार संस्थामार्फत शिक्षण शुल्क आदि सम्बन्धी Invoice पठाइनेछ।

② शैक्षिक शुल्क आदि भुक्तानी भएको पुष्टि भएपछि, EMS मार्फत बसोबास योग्यता प्रमाणपत्र (COE) तथा भर्ना अनुमति प्रमाणपत्र आदि कागजातहरू पठाइनेछ।

③ आवेदनकर्ताले आफ्नो देशस्थित जापानी दूतावास, कन्सुलेट आदि विदेशस्थित जापानी कूटनीतिक निकायमा भिसाको आवेदन दिनुपर्छ। "निवास योग्यता प्रमाणपत्र (COE)" को वैधता अवधि जारी भएको मितिदेखि 3 महिनाको हुन्छ। भिसा जारी भएपछि तुरुन्तै यस विद्यालयलाई सम्पर्क गर्नुहोस्।

④ जापान आगमनको तालिका विस्तृत रूपमा तय भएपछि, योजनाबद्ध उडानको नाम, उडान तथा आगमन समय आदि जानकारी यस विद्यालयलाई सूचित गर्नुहोस्।

## 12 प्रवेश (भर्ना) शुल्क तथा अध्ययन शुल्क आदि (कोर्सअनुसार)

विद्यालय शुल्क विवरण तालिका (जापानी येन)

| भर्ना समय | वर्ष | भर्ना परीक्षा शुल्क | भर्ना शुल्क | शिक्षण शुल्क | शैक्षिक सुदृढीकरण शुल्क | अन्य शुल्क | कुल |
|---|---|---|---|---|---|---|---|
| प्रवेशिका 2 वर्षे कोर्स (अप्रिल भर्ना अवस्थामा) | 1 वर्ष | 20,000 | 100,000 | 530,000 | 50,000 | 60,000 | 760,000 |
| | 2 वर्ष | 0 | 0 | 530,000 | 50,000 | 60,000 | 640,000 |
| प्रवेशिका 1 वर्ष 6 महिने कोर्स (अक्टोबर भर्ना अवस्थामा) | 1 वर्ष | 20,000 | 100,000 | 530,000 | 50,000 | 50,000 | 750,000 |
| | 2 वर्ष | 0 | 0 | 265,000 | 25,000 | 50,000 | 340,000 |

**【अन्य शुल्कको विवरण】**

| अन्य शीर्षकहरू | प्रवेशिका 2 वर्षे कोर्स (वार्षिक) | प्रवेशिका 1 वर्ष 6 महिने कोर्स (वार्षिक) |
|---|---|---|
| शिक्षण सामग्री शुल्क | 25,000 円 | 22,000 円 |
| क्षतिपूर्ति बीमा शुल्क | 10,000 円 | 10,000 円 |
| स्वास्थ्य व्यवस्थापन, गतिविधि तथा अन्य शुल्क | 25,000 円 | 20,500 円 |

नोट: यस विद्यालयको प्रवेश (भर्ना) छनोटमा पास भएर, "बसोबास योग्यता प्रमाणपत्र (COE)" जारी भए वा नभए पनि प्रवेश परीक्षा शुल्क फिर्ता गरिने छैन। यदि कुनै कारणवश भिसा अनुमति प्राप्त हुन नसकेमा, भर्ना शुल्क तथा शैक्षिक शुल्क आवेदकलाई फिर्ता गरिनेछ। तथापि, अन्तर्राष्ट्रिय बैंक ट्रान्सफर शुल्क आवेदक स्वयंले व्यहोर्नु पर्नेछ।

※ अन्य शुल्कको विवरणहरू: पाठ्यसामग्री शुल्क, अतिरिक्त क्रियाकलाप शुल्क (एकदिने यात्रा तथा सांस्कृतिक अनुभव), स्वास्थ्य व्यवस्थापन शुल्क, जापानी भाषा विद्यालय सहकारी संस्था "विदेशी विद्यार्थी योजना" (बीमा) सदस्यता शुल्क आदि समावेश छन्।

※ जापानी भाषा क्षमता परीक्षा (JLPT) तयारी कक्षाको पाठ्यपुस्तक अलग्गै खरिद गर्नुपर्नेछ (करिब 5,000 येन)।

## 13 भुक्तानी आदि

विदेशबाट रकम पठाउँदा, निम्न बैंक खातामा आवेदकको आफ्नै नाममा रकम पठाउनुहोस्। त्यस क्रममा ट्रान्सफर शुल्क लाग्ने भएकाले, उक्त शुल्कलाई शैक्षिक शुल्कमा थप गरी विद्यालयले तोकेको खातामा पठाउनुहोस्। विस्तृत जानकारीका लागि सम्बन्धित बैंकसँग सम्पर्क गर्नुहोस्।

**रकम स्थानान्तरण बैंक खाता / Bank Account Details :**

| | | |
|---|---|---|
| बैंक नाम<br>Bank Name | : | THE HIGO BANK, LTD. MISOTENJIN BRANCH |
| बैंक ठेगाना<br>Bank Address | : | 5-10-26, Oe, Chuo-Ku, Kumamoto-Shi, Kumamoto, JAPAN<br>Postal Code: 862-0971 |
| SWIFT Code | : | HIGOJPJT |
| खाताधनीको नाम<br>Account Holder Name | : | 熊本工業専門学校 日本語科 校長 西島 真一<br>KUMAMOTO TECHNICAL COLLEGE JAPANESE COURSE<br>PRINCIPAL NISHIJIMA SHINICHI |
| खाता नम्बर<br>Account Number | : | 1432455 |
| खाताधनीको ठेगाना<br>Account Holder Address | : | 5-1-1 Nagamine-Higashi, Higashi-Ku, Kumamoto-Shi, Kumamoto-Ken, JAPAN<br>Postal Code: 861-8038 |

## 14 आवेदनदेखि भर्ना सम्मको प्रक्रिया

| समयावधि | | विषय | विवरण |
|---|---|---|---|
| अप्रिल भर्ना | अक्टोबर भर्ना | | |
| 8 को महिना तिर | 2 को महिना तिर | **आवेदन स्वीकार**<br>भर्ना आवेदन फाराम (विद्यालयद्वारा तोकिएको ढाँचा) तथा आवेदन कागजातहरू पेश | ‣ आवेदन कागजातहरू विद्यालयको आधिकारिक वेबसाइटबाट डाउनलोड गर्न सकिन्छ।<br>(https://www.kumakosen.jp) |
| | | **विद्यालय आन्तरिक छानबिन नतिजा सूचना** | ‣ परीक्षा दिने योग्यता भएको मानिएमा, परीक्षा अनुमति सूचना प्रदान गरिनेछ।<br>‣ आवश्यक परेमा कागजात पुनः पेश गर्न वा थप कागजात पेश गर्न अनुरोध गरीनेछ। |
| | | **भर्ना परीक्षा सञ्चालन**<br>(अन्तर्वार्ता परीक्षा तथा लिखित परीक्षा) | ‣ स्थानीय परीक्षा वा अनलाइन परीक्षा मार्फत लिखित परीक्षा तथा अन्तर्वार्ता परीक्षा सञ्चालन गरिनेछ। |
| | | **भर्ना परीक्षाको नतिजा सूचना**<br>(अन्तर्वार्ता तथा लिखित परीक्षा) | ‣ परीक्षा सम्पन्न भएको 3 हप्ताभित्र, स्वयं व्यक्ति वा परिचय/सहकार्य संस्थालाई सूचित गरिनेछ। |
| 9 को महिना<br>～<br>11 को महिना | 3 को महिना<br>～<br>6 को महिना | **बसोबास योग्यता प्रमाणपत्र (COE) जारी आवेदन**<br>(कागजात परीक्षण/समीक्षा) | ‣ आवेदन कागजातहरूको छानबिन गरिनेछ।<br>‣ आवश्यकता अनुसार आवेदन कागजात पुनः पेश वा प्रमाण कागजात थप पेश गर्न अनुरोध गरीनेछ। |
| 11 को महिना | 6 को महिना | **अध्यागमन ब्यूरोमा बसोबास योग्यता प्रमाणपत्र (COE) जारी आवेदन** | ‣ विद्यालयले आवेदकको तर्फबाट अध्यागमन ब्यूरोमा बसोबास योग्यता प्रमाणपत्र (COE) जारीका लागि आवेदन प्रक्रिया प्रतिनिधिको रूपमा गर्नेछ। |
| 2 को महिना अन्त्यतिर | 8 को महिना अन्त्यतिर | **अध्यागमन ब्यूरोबाट "बसोबास योग्यता प्रमाणपत्र (COE)" जारी सूचना** | ‣ जारी सूचना पश्चात, तत्काल स्वयं व्यक्ति वा परिचय//सहकार्य संस्थालाई सूचित गरिनेछ। |
| 3 को महिना मध्यसम्म | 9 को महिना मध्यसम्म | **भर्ना शुल्क तथा अध्ययन शुल्क भुक्तानी** | ‣ बसोबास योग्यता प्रमाणपत्र (COE) प्राप्त गर्ने आवेदकलाई भुक्तानी सम्बन्धी सूचना (Invoice) आदि पठाइनेछ।<br>‣ तोकिएको मितिभित्र भुक्तानी गर्नुपर्ने शुल्कहरू पठाउनुहोस्। |
| 3 को महिना मध्य<br>～<br>3 को महिना अन्त्यसम्म | 9 को महिना मध्य<br>～<br>9 को महिना अन्त्यसम्म | **बसोबास योग्यता प्रमाणपत्र तथा भर्ना अनुमति पत्र पठाइने** | ‣ अध्ययन शुल्क आदि भुक्तानी पुष्टि भएपछि, EMS मार्फत बसोबास योग्यता प्रमाणपत्र (COE) तथा भर्ना अनुमति प्रमाणपत्र लगायतका कागजातहरू पठाइनेछ। |
| | | **विदेशस्थित जापानको कूटनीतिक निकायमा विद्यार्थी भिसा आवेदन** | ‣ बसोबास योग्यता प्रमाणपत्र (COE) लगायतका कागजात प्राप्त भएपछि, आवेदकले आफ्नो देशस्थित जापानी दूतावास, कन्सुलेट आदि विदेशस्थित जापानी कूटनीतिक निकायमा भिसाको आवेदन दिनुहोस्। |
| | | **हवाई टिकट बुकिङ** | ‣ योजनाबद्ध उडानको नाम, उडान तथा आगमन समय आदि जानकारी यस विद्यालयलाई सूचित गर्नुहोस्। विद्यालयका कर्मचारीहरू विमानस्थलमा स्वागत गर्न आउनेछन्। |
| 4 को महिना<br>～ | 10 को महिना<br>～ | **जापान प्रवेश तथा विद्यालयमा उपस्थिती** | ‣ कुमामोतो टेक्निकल कलेजमा, हार्दिक स्वागत छ। |
| | | **विभिन्न प्रक्रियाहरू** | ‣ जापानमा जीवनयापनका लागि आवश्यक बासिन्दा दर्ता सम्बन्धी प्रक्रिया, राष्ट्रिय स्वास्थ्य बीमा तथा राष्ट्रिय पेन्सनमा सदस्यता, बैंक खाता खोल्ने प्रक्रिया, मोबाइल फोन सम्झौता लगायतका कार्यहरूमा सहयोग प्रदान गरिनेछ। |
| | | **भर्ना समारोह तथा अभिमुखीकरण** | ‣ जापानमा जीवनयापनका शिष्टाचार, विद्यालय जीवन, अपार्टमेन्ट जीवन, यातायात नियम, फोहोर फाल्ने नियम, तथा पार्ट–टाइम काम सम्बन्धी विषयहरूबारे महत्वपूर्ण जानकारी प्रदान गरिनेछ। |
| | | **कक्षा प्रारम्भ** | ‣ जापानी भाषा सिकेर आफ्नो भविष्य निर्माण गर्नुहोस्। |